नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान**
बुटवल, रुपन्देही

फोन नं. ०७१-५४०१३८

**विषय : प्रशिक्षकको सूची (Roster) सम्बन्धि सूचना ।**

**दोस्रो पटक प्रकाशित मिति :-२०७९/१०/१३**

प्रस्तुत विषयमा यस प्रतिष्ठानद्वारा आ.व. २०७९।०८० मा संचालन गरिने सीपमूलक तालिम मध्ये **वारिष्ट्रा तालिम** संचालन गर्न प्रशिक्षक आवश्यक भएको हुँदा व्यावसायिक तथा सीप विकास तालिम संचालन निर्देशिका २०७७ को महल १९(१) मा भएको व्यवस्था बमोजिम प्रशिक्षकको सूची तयार पार्नु पर्ने भएकोहुँदा सम्बन्धित विषयको प्रशिक्षकको सूचीमा समावेश हुन व्यावसायिक तथा सीप विकास तालिम संचालन निर्देशिका २०७७ को महल १८ मा उल्लेखित व्यवस्थामा ईच्छुक तोकिएको योग्यता र अनुभव भएका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा दरखास्त दिनु हुन यो सूचना जारी गरिएको छ । साथै दरखास्त फाराम प्रतिष्ठानको वेव साईट www.vstbutwal.gov.np मा समेत राखिएको छ ।

१. प्रशिक्षकको लागि चाहिने योग्यता र अनुभव सम्बन्धि विवरण :

| सि.नं. | पद र नाम | शैक्षिक योग्यता |
|---|---|---|
| क | प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट स्नातक उर्त्तिण गरी शिक्षण/प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र/डिप्लोमा तह उत्तिर्ण गरेको शिक्षण/प्रशिक्षण तालिम लिएको र कम्तिमा ५ वर्षको कार्यअनुभव भएको वा सम्बिन्धित विषयमा सीप तह ३ उत्तिर्ण गरी ५ वर्षको कार्य अनुभव भएको । |
| ख | सहायक प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट प्रमाणपत्र डिप्लोमा तह उर्त्तिण गरी शिक्षण/प्रशिक्षण तालिम लिएको वा सीप तह ३ उर्त्तिण भएको वा प्राविधिक एस.एल.सी. वा सीप तह २ उर्त्तिण गरी ३ वर्षको कार्य अनुभव भएको । |
| ग | प्रशिक्षण सहायक | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी. उर्त्तिण वा सीप तह २ उर्त्तिण गरी शिक्षण प्रशिक्षणको तालिम लिएको हुनुपर्ने छ । |

द्रष्टब्य :

१. दरखास्त फाराम साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, सम्बन्धित विषयको तालिमको प्रमाणपत्र, सीप परीक्षणको प्रमाणपत्र र अनुभवलाई प्रमाणित गर्ने कागजातहरुका प्रतिलिपीहरु संलग्न गरी ती प्रतिलिपीहरुमा व्यक्ति स्वंले सक्कल बमोजिम नक्कल ठिक छ भनी दस्तखत गरी तोकिएको म्याद भित्र पेश गर्नुपर्नेछ ।

२. योग्यता पुगेका प्रशिक्षकहरुको सूची तयार गरी प्रतिष्ठानको वेवसाईट र सूचनापाँटीमा टाँस गरिने छ । साथै तालिम संचालन गर्ने नगर्ने अन्तिम निर्णय प्रतिष्ठानले गर्ने हुँदा रोष्टरको सूचीमा सुचीकृत भएता पनि तालिम संचालन नभएमा सूचीकृत भएका व्यक्तिलाई नियुक्ति गर्न प्रतिष्ठान बाध्य हुने छैन ।

...........................
शाखा अधिकृत